**भारतीय राजदूतावास**

**काठमाडौं**

# प्रेस विज्ञप्ति

## नेपालको कोशी प्रदेशको ओखलढुङ्गामा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको शिलान्यास समारोह

ओखलढुङ्गाको सिद्धिचरण नगरपालिका-५ स्थित श्री राज्यलक्ष्मी माध्यमिक विद्यालयका लागि निर्माण गरिने विद्यालय भवनको शिलान्यास आज काठमाडौंस्थित भारतीय राजदूतावासका काउन्सलर श्री अविनाश कुमार सिंह र ओखलढुङ्गाको सिद्धिचरण नगरपालिकाका मेयर श्री तेजन खनालले संयुक्त रुपमा गर्नुभयो ।

२. सिद्धिचरण नगरपालिका-५ स्थित श्री राज्यलक्ष्मी माध्यमिक विद्यालयको विद्यालय भवन भारत सरकारको नेरु. ४ करोडभन्दा बढीको आर्थिक सहयोगमा निर्माण हुँदैछ ।

३. नयाँ भवन तीन र आधा तल्लाको हुनेछ । यो परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको छ र ओखलढुङ्गाको सिद्धिचरण नगरपालिकामार्फत कार्यान्वयन गरिनेछ ।

४. सिद्धिचरण नगरपालिकाका मेयर, विद्यालय व्यवस्थापन र अन्य सरोकारवालाहरुले नयाँ विद्यालय भवनका लागि भारत सरकारले प्रदान गरिरहेको सहयोगको प्रशंसा गर्नुभयो ।

५. भारत-नेपाल साझेदारी विभिन्न क्षेत्रहरुमा व्यापक तथा बहु-क्षेत्रीय सहकार्यद्वारा चिनिएको छ । यो निरन्तर सहयोग विकास र समृद्धिको क्षेत्रमा भारत र नेपालबीच रहेको गहिरो सम्बन्धको प्रतिबिम्ब हो ।

काठमाडौं,

२०८२ पौष ८